# राष्ट्रिय मानव अधिकार आयोग

National Human Rights Commission, Nepal

केन्द्रीय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal


## प्रेस-विज्ञप्ति

५ जेठ, २०८०

### आमरण अनसनमा बसेका सांसद गौतमको जीवन रक्षा गर वार्ताबाट समस्याको समाधान गर

**'हाम्रो बर्दिया बचाऔं : समुन्नत बर्दिया बनाऔं'** भन्ने अभियानअन्तर्गत पन्ध्र बुँदे मागहरु राखी विगत सात दिनदेखि बर्दियामा आमरण अनसनमा बसेका बर्दिया क्षेत्र नं. १ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य माननीय सञ्जयकुमार गौतमको स्वास्थ्य अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ । आयोगको लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्जले अनशनको स्थलगत अनुगमन गरेको छ ।

गौतमको शरीरमा पानीको मात्रा कम भई पिसाबमा समस्या देखिएको, उच्च रक्तचापको बिरामी भएको हुँदा जुनसुकै समयमा गम्भीर समस्या निम्तिन सक्ने अवस्था रहेको, अनसनको सातौं दिनसम्म पनि सरकारी निकायबाट अनसन तोड्न कुनै पहल नभएको र अनसनस्थल सडक एवम् स्वास्थ्य सुविधाबाट टाढा रहेकाले आकस्मिक समस्या सिर्जना भैहालेमा जीवन नै जोखिममा पर्नसक्ने अवस्था रहेको भनी आयोगको अनुगमन टोलीलाई जानकारी प्राप्त भएको छ ।

विकास र समृद्धिसँग मानव अधिकारको प्रत्यक्ष र परोक्ष रुपमा सम्बन्ध रहेको हुन्छ । बबई सिंचाई आयोजना, राजापुर सिंचाई परियोजना, मध्येवर्ती क्षेत्रका नागरिकको जीउधनको सुरक्षा, भूमिहीन तथा सुकुम्बासी समस्या समाधान, कृषकद्वारा उत्पादित उपजको बजार व्यवस्थापन जस्ता सांसद गौतमले उठाएका मागहरु मानव अधिकारसँगै सम्बन्धित रहेका छन् । विकास प्रक्रियामा देखा परेका समस्याहरुको समाधान सहभागितामूलक प्रक्रियाबाट गरिनु राज्यका निकायहरुको कर्तव्य हुन्छ ।

अतः सांसद गौतमले उठाएका उचित मागहरुको सार्थक वार्ता र संवादको माध्यमबाट सम्बोधन गरी आमनागरिकको विकासको अधिकारको सुनिश्चितता गर्न र अनसनरत गौतमको स्वास्थ्यप्रति संवेदनशील भई निजको जीवनको रक्षा गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

..............................

डा. टीकाराम पोखरेल

प्रवक्ता

(सहसचिव)


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org